अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी

## आय ठेक्का बन्दोवस्त सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

### दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२।०५।१७

यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार र मिति २०८२।०३।१० गतेको २१ औं गाउँसभाद्वारा पारित आर्थिक ऐन अनुसार आ.व. २०८२।०८३ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही गाउँसभाको मिति २०८२।०३।१० गतेको निर्णयानुसार मिति २०८२।०३।१८ मा पहिलो पटक सूचना प्रकाशित गरि सम्झौता गर्न नआएकाले दोस्रो पटक तपसिल अनुसारको न्यूनतम दरमा बढाबढमा निम्न स्थानहरुमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क संकलन गर्न बढाबढमा सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । ईच्छुक फर्म/ संस्थाहरुले आ.व. २०८०।०८१ को करचुक्ता प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र, फर्म/ कम्पनी दर्ता प्रमाणपत्र सहित तोकीएको बोलपत्र फाराम दस्तुर कार्यालयमा बूझाई विल सहित संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा छुट्टा-छुट्टै दर्ता गर्नुहुन अनुरोध छ ।

तपसिल :

| क्र. सं. | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अकं रु. (मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर रकम | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम पेश गर्नुपर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | 02/RT/ARM/2082-83 | भुरुङ तातोपानी कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण -२, भुरुङ तातोपानी | ५०,००,०००।– (अक्षरुपी पचास लाख मात्र) | ३०००।- | २०८२।०५।३१ गते कार्यालय समय भित्र (५:०० बजे भित्र) | २०८२।०६।०१ गते अपरान्ह १२:०० बजे भित्र | २०८२।०६।०१ गते दिउँसो २:०० बजे |

शर्तहरु

१. तपसिल बमोजिमका ठेक्काहरुको लागि निर्धारित म्यादभित्र तोकिय बमोजिमका बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट बोलपत्र फाराम प्रास गर्न सकिने छ ।बोलपत्र फारम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै खरिद गर्नु पर्नेछ ।
२. बोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरु (होटल रेस्टुरेन्ट वा प्रकृति मिल्ने अन्य पर्यटन व्यवसाय सञ्चालक) ले बोलपत्र फाराममा आफुले कवोल गर्न चाहेको अंक भरी, अंक र अक्षरमा रकम प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । कम्पनीको हकमा स्थायी

खा नम्बर प्रमाणपत्र (मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र) र आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी धरौटी वापत आफुले कवोल गरेको अंकको ५ प्रतिशत (प्रत्येक ठेक्काको छुट्टाछुट्टै) धरौटी वापतको रकम यस कार्यालयको नाममा प्रभु बैंक, अन्नपूर्ण शाखामा रहेको धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा ९० दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र संलग्न गरी तोकिए बमोजिमको मिति र समयमा अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ वा एकमुष्ठ रकम बुझाएमा १० प्रतिशत छुट हुनेछ । रितपूर्वक दाखिला हुन आएका सिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा कार्यालय प्रतिनिधि तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र फारमको खाम बाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्बोधन गरि पेश गर्नुपर्नेछ ।

४. आफुले पेश गरेको बोलपत्र फाराममा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक केरमेट भएगा अक्षरलाई मान्यता दिइनेछ । रितपूर्वक दाखिला भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५. ठेक्का सम्झौता गर्न आउदा आफुले कबोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशत मूल्य अभिवृद्धि कर र अन्य सम्झौता रकम अन्नपूर्ण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५४०११०४१२६०००५६ मा अग्रिम दाखिला गर्नुपर्नेछ ।

६. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७. थप जानकारीको लागी ito.annamun@gmail.com/ annapurnarevenue@gmail.com मा ई-मेल मार्फत वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत